फोन नं. ०२७-५२००६०
फ्याक्स नं. ०२७-५२००६०

"स्वच्छ समृध्द सुसंस्कृत इलाम"

नेपाल सरकार

# इलाम नगरपालिका कार्यालय

इलाम

Green Ilam

प.सं.:- ०७२/०७३
च.नं. ३३६६

मिति २०७३।०२।०३

विषय : **अनुमति लिई भवन निर्माण गर्नुपर्ने सम्बन्धमा ।**

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, इलाम ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को परिच्छेद–९ मा रहेको भवन निर्माणसम्बन्धी व्यवस्थाअन्तर्गत दफा **१४९ मा नगरपालिका क्षेत्रमा प्रमुखबाट भवन निर्माण गर्ने अनुमति नलिई कसैले पनि भवन निर्माण गर्न हुँदैन** र दफा **१५० मा नगरपालिका क्षेत्रमा भवन निर्माण गर्न चाहने व्यक्ति वा सरकारी कार्यालयले भवन निर्माण गर्ने अनुमतिको लागि भवनको नक्शासहित तोकिएको ढाँचामा नगरपालिकासमक्ष दरखास्त दिनुपर्ने** कानुनी व्यवस्था रहेको तथा वि. सं. २०७२ साल बैशाख १२ गते आएको विनासकारी महाभूकम्प तथा त्यसपछिका पराकम्पनको कारण धन, जनको क्षति जस्ता विपद्का प्रभावहरु अब उप्रान्त सकेसम्म कम गर्न नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७२।०६।१३ गते स्वीकृत भई कार्यान्वयनमा रहेको **वस्ती विकास, शहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२** का अधारमा प्रत्येक नगरपालिकाले मापदण्ड पारित गरी अनिवार्यरुपमा कार्यान्वयन गर्न श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७२।०७।१२ को पत्रबाट निर्देशन प्राप्त हुन आएकाले यस नगरपालिकाबाट **इलाम जिल्लाको विकास–निर्माण (पहिलो संशोधन ) मापदण्ड, २०७२** पारित भई नगर क्षेत्रमा कार्यान्वयनमा रहेको कानुनी पृष्ठभूमिमा नगर क्षेत्रहरुमा कतिपय सरकारी कार्यालयहरुले समेत उल्लेखित कानुनी प्रावधानअनुरुप भवन निर्माण अनुमति नलिई भवन निर्माण गरिरहेको अवस्था विद्यमान रहेकोप्रति इलाम नगरपालिका कार्यालयको गम्भीर ध्यानाकर्षण भएको हुँदा सबै सरकारी कार्यालयहरुबाट यस सम्बन्धी श्रृजना हुने कानुनी दायित्वसमेतको बारेमा ऐ. ऐनको ऐ. परिच्छेदको दफा १४९–१६३ सम्मको कानुनी प्रावधानको स्वयम् जानकारी लिई प्रचलित ऐन, नियम र सरकारी मापदण्ड पालना गर्नगराउनका लागि आवश्यक निर्देशन तथा सहजीकरण गरिदिनुहुन इलाम नगरपालिकाको मिति २०७३।०१।२८ बाट ताहाँ अनुरोध गर्न निर्णय भएकाले उल्लिखितअनुसारको कार्यमा सहयोग गरिदिनुहुन अनुरोध छ ।

( महेन्द्रकुमार खाम्याहाङ )
कार्यकारी अधिकृत

**बोद्यार्थ**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
नगरपालिका व्यवस्था शाखा, सिंहदरबार काठमाडौं ।
श्री शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल काठमाडौं ।
श्री जिल्ला विकास समितिको कार्यालय, इलाम ।
श्री शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, इलाम
श्री सूचना केन्द्र, इलाम नगरपालिका कार्यालय, इलाम : कार्यालयको वेव साइट र फेसबुकमा राख्ने व्यवस्था हुन ।